# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ५, बर्ष २, भाद्र १ गते, शनिबार

## दर्बाङ आधारभुत अस्पतालमा एकीकृत अनुगमन कार्य सम्पन्न




स्वस्थ निर्देशनालय, गण्डकी प्रदेश पोखराको आयोजना तथा स्वास्थ्य कार्यालय म्याग्दीको समन्वयमा एकीकृत अनुगमन कार्यक्रम दर्बाङ आधारभूत अस्पतालमा सम्पन्न भएको छ/



कार्यक्रममा म्याग्दी जिल्लामा खोप, eLMIS, DIHS-२, परिवार नियोजन, फोहोर ब्यबस्थापन, न्युनतम सेवा मापदण्ड तथा पोषण सम्बन्धि कार्यक्रम हरुको विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो/



कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश सूचना अधिकारी नवराज शर्मा, एक नारायण लम्साल र दिवाकर शर्मा साथै स्वास्थ्य कार्यालय म्याग्दीका राजेन्द्र सापकोटा को उपस्थिति रहेको थियो/ कार्यक्रममा मालिका गाउँपालिका बाट स्वास्थ्य संयोजक, सह-संयोजकहरु साथै दर्बाङ आधारभूत अस्पतालका मे.सु. लगायत सम्पूर्ण टिमको उपस्थिति रहेको थियो/



# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ५, बर्ष २, भाद्र १ गते, शनिबार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी

## भुरुङ तातोपानी स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न





अन्नपुर्ण गाउँपालिका स्वास्थ्य शाखाको आयोजना तथा स्वास्थ्य कार्यालय म्याग्दीको समन्वयमा अन्नपुर्ण गा.पा.-२, भुरुङ तातोपानी स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न भएको छ/



कार्यक्रममा स्वास्थ्य कार्यालय म्याग्दीका कार्यालय प्रमुख भुवन ठकुराठी र राजेन्द्र सापकोटा, गाउँपालिकाको तर्फ बाट स्वास्थ्य संयोजक समुन्द्र बडुवाल र सह-संयोजक अमृता फकामी र स्वास्थ्य चौकीमा कार्यरत सम्पूर्ण टिमको उपस्थितिमा सम्पन्न भएको थियो/



कार्यक्रममा भुरुङ तातोपानी स्वास्थ्य चौकीले अति उत्कृष्ट कुल जम्मा ९२% प्राप्त गर्न सफल भएको छ/



# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ५, बर्ष २, भाद्र १ गते, शनिबार

## भुरुङ तातोपानी स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न




रघुगंगा गाउँपालिका स्वास्थ्य शाखाको आयोजना तथा स्वास्थ्य कार्यालय म्याग्दीको समन्वय तथा वान हर्ट वोर्ल्ड वाइडको प्रविधिक सहयोगमा रघुगंगा गा.पा.-३, राखु पिप्ले स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न भएको छ/



कार्यक्रम स्वास्थ्य कार्यालय म्याग्दीका राजेन्द्र सापकोटा, वान हर्ट वोर्ल्ड वाइडका जिल्ला संयोजक उपेन्द्र चन्द साथै ब्यबस्थापन समिति अध्यक्ष र अन्य पदाधिकारीहरु लगायत स्वास्थ्य चौकीमा कार्यरत सम्पूर्ण टिमको उपस्थितिमा सम्पन्न भएको थियो/



कार्यक्रममा राखु पिप्ले स्वास्थ्य चौकीले अति उत्कृष्ट कुल जम्मा ९३% प्राप्त गर्न सफल भएको छ/

---

